# भगवतीमाई गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## पगनाथ, दैलेख                    कर्णाली प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७६/०७/०८गते)

यस  कार्यालयको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु वोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको बोलपत्र आह्वान गरिन्छ।

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि तपसिलमा तोकिएको दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणपत्र,आ. व. २०७५/०७६ सम्मको कर चुक्ता वा आय विवरण पेश गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्तAuthorizationLetterको प्रमाणित प्रतिलिपी नियमानुसारको तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) यस कार्यालयको नाममा प्रभु बैंक, भगवतीमाई शाखाको संचित खाता हि.नं. १७७००२०१०९३२८८००००००१ मा दाखिला गरी  निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्रफाराम यस कार्यालयबाट उपलब्ध गराइने छ।

२) बोलपत्रखरिद वादर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ।

३) खरिद गरिएकाबोलपत्रफारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामासहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि तपसिलमा उल्लेखित दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको नाममा दैलेख स्थित पभु बैंक, भगवतीमाई शाखामा रहेको धरौटी खाता .हि.नं.१७७००२०१०९३२८८००००००४मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा तपसिलमा उल्लेख भए वमोजिम म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त (क) वर्गको बैंकबाट जारी भएको बिड बण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विड वण्ड यो सूचना प्रकाशित भएको मिति पछिका लाई मान्यता दिइनेछ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा तपसिलमा उल्लेखित ३१ औ दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी  भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेव साइट तथा सूचना पाटीमा टाँस गरिनेछ।

९) अन्यकार्य विधिहरु सार्वजनिक खरिद ऐन२०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित),  अनुसार हुनेछ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीको लागी यस कार्यालयमा कार्यलय समय भित्र सम्पर्क गर्न सकिने छ।

| क्र. सं. | बोलपत्र/ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम खरिद दस्तुर रु. | जमानत रकम | बोलपत्रदाताले पेश गर्ने बैंक जमानतको म्याद(दिनमा) | वोलपत्र खरिद गर्ने अन्तिम मिति सूचना प्रकाशित मितिले | वोलपत्र दाखिला गर्ने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | **04/BRM/076/077** | नेपाल राष्ट्रिय प्रावि ४कोठे भवन निर्माण। भगवतीमाई-१, पगनाथ, दैलेख। | ३,०००।- | ७६८००। | १२० | ३० औं दिन | ३१ औं दिन | |
| 2 | **05/BRM/076/077** | शहिद मयाराम स्मृति पार्क पर्खाल निर्माण,भगवतिमाई ५,दैलेख | ३,०००।- | ७१७७५। | १२० | ३० औं दिन | ३१ औं दिन | |
| 3 | **06/BRM/076/077** | लोहोरे कट्टीखोला पुल,खाली डाडा,वडा कार्यालय देखी तप्लुङ वासुधारा सडक निर्माण,भगवतिमाई ७ वडाभैरव दैलेख | ३,०००।- | ९३३०८। | १२० | ३० औं दिन | ३१ औं दिन | |

प्रमुख प्रशासकिय अधिकृत